# पाठ ५३

१. के त्यस अपाङ्गता भएको मानिस आफैलाई निको पार्न सक्षम थियो ?
- थिएन ।

२. के त्यस अपाङ्गता भएका मानिसहरू त्यसलाई निको पार्न सक्षम थिए ?
- थिएनन् ।

३. के कुनै डाक्टर त्यस अपाङ्गता भएको मानिसलाई निको पार्न सक्षम थिए ?
- थिएनन् ।

४. ती मानिसहरूले कसको सामुन्ने त्यस अपाङ्गता भएको मानिसलाई लगे ?
- येशूको सामुन्ने ।

५. को एकजना मात्रै हुनुहुन्थ्यो जसले मात्रै त्यस मानिसलाई निको पार्न सक्नुहुन्थ्यो ।
- येशू ।

६. के कुनै मानिसले पाप क्षमा गर्न सक्छ ?
- सक्दैन ।

७. के कुनै पूजारीले पाप क्षमा गर्न सक्छ ?
- सक्दैन ।

८. येशू कसरी त्यस मानिसको पाप क्षमा गर्न सक्षम हुनुहुन्थ्यो ?
- किनभने येशू परमेश्वर हुनुहुन्छ ।

९. येशूसँग मानिसहरूको पाप क्षमा गर्ने अधिकार कसरी थियो ?
- किनभने येशू परमेश्वर हुनुहुन्छ ।

१०. लेवीको अर्को नाउँ के थियो ?
- मती ।

११. येशूले मत्तीलाई बोलाउनुहुँदा तिनी के काम गर्थे ?
- तिनी एकजना कर सङ्कलक थिए ।
- मत्ती रोमीहरूको निमित्ति कर सङ्कलन गर्थे तिनी आफ्नै यहूदी मानिसहरूबाट कर सङ्कलन गर्थे ।

१२. येशू ख्रीष्टले तिनीहरूलाई स्वस्थ मानिसलाई वैद्यको जरुरत पर्दैन तर बिरामीलाई पर्छ भन्नुभयो, येशूले यसो भन्नुको मतलब के थियो ?
- येशूले भन्नु भएको यही थियो कि उहाँ तिनीहरूलाई बचाउन आउनुभएको थिएन जो आफूलाई बिरामी छु भनी ठान्दैनथे

१३. येशू कसलाई बचाउन आउनुभएको थियो ?
- येशू तिनीहरूलाई मात्रै बचाउन आउनुभएको थियो जसले तिनीहरू बिरामी छन् भनी विश्वास गर्थे ।

- एकदिन फरिसी र व्यवस्थाका शिक्षकहरूले येशूबाट एउटा चमत्कारको चिन्ह मागे ।

आउनुस् मत्ती १२:३८ पद पढौं ।

12 एउटा मानिस भेंडा भन्दा धेरै असल हुन्छ। त्यसर्थ विश्रामको दिनमा भलो गर्न व्यवस्थाले दिन्छ।”

- परमेश्वरको वचनमा विश्वास गर्नुभन्दा बरु फरिसी र व्यवस्थाका शिक्षकहरूले के देख्न चाह गरे ?

- तिनीहरूले चमत्कारको चिन्ह देख्न चाह गरे ।

- किन फरिसी र व्यवस्थाका शिक्षकहरूले चमत्कारको चिन्ह देख्न मन गरे ?

- के तिनीहरूले येशूले भूतहरू भगाउनुभएको देखेका वा सुनेका थिएनन् र ?
- थिए ।

- तिनीहरूले देखेका थिए ।

- के तिनीहरूले येशूले कुष्टरोग लागेको मानिसलाई निको पारेको देखेका थिएनन् र ?
- थिए ।

- तिनीहरूले देखेका थिए ।

- के तिनीहरूले येशूले अपङ्गता भएको मानिसलाई निको पारेको देखेका वा सुनेका थिएनन् र ?
- थिए

- तिनीहरूले देखेका थिए ।

- के तिनीहरूले येशूकहाँ आउने सबैलाई उहाँले निको पार्नुभएको देखेका थिएनन् र ?
- थिए ।

- तिनीहरूले देखेका थिए ।

- त्यसोभए किन फरिसीहरू र व्यवस्थाका शिक्षकहरूले येशूबाट अरु थप चमत्कारका चिन्हहरू मागिरहेका थिए ?

- किनभने तिनीहरूलाई येशू नै उद्धारकर्ता परमेश्वर हुनुहुन्छ भन्ने पत्यार थिएन ।

- येशूमा विश्वास गर्नुभन्दा बरू फरिसी र व्यवस्थाका शिक्षकहरूले केवल चमत्कारका चिन्हहरू देख्न मन गरे ।

- के तपाईंलाई यो कुरा सम्झना छ कि कसरी परमेश्वरले धेरै चमत्कारहरू देखाउन भयो र पनि इज्रेलीहरूले उहाँलाई विश्वास गरेनन् ?

- परमेश्वरले फारो र मिश्रीकहाँ १० वटा विपत्ति पठाउनुभयो र पनि इज्रेलीहरूले विश्वास गरेनन् ।

- परमेश्वरले फारो र तिनको सेनालाई लाल सागरमा डुबाउनुभयो तर पनि इज्रेलीहरूले विश्वास गरेनन् ।

- परमेश्वरले मरुभूमिमा इज्रेलीहरूलाई बट्टाइँ र मन्न पठाउनुभयो तर पनि तिनीहरूले विश्वास गरेनन् ।

- येशूमा विश्वास गर्नुभन्दा बरू धेरै जना मानिसहरूले केवल चमत्कार मात्रै देख्न चाहे ।

- के चमत्कारका चिन्ह देख्नाले बचाइन्छ ?
- बचाइदैन ।

- केवल उद्धारकर्ता येशूमा विश्वास गर्नाले मात्रै बचाइन्छ ।

- यदि हामीले चमत्काकार चिन्हहरू देखेर मात्रै येशूमा विश्वास गर्छौं भन्छौं भने हामीले के गरिरहेका हुन्छौं ?

- यही कि येशू एकजना झूठा व्यक्ति हुनुहुन्छ ?

- यदि हामीले चमत्कारका चिन्हहरू देखेर मात्रै परमेश्वरमा विश्वास गर्छौं भन्छौं भने हामीले के गरिरहेका हुन्छौं ?

- यही कि परमेश्वरको वचन झूठो हो ।

- येशूले फरिसी र व्यवस्थाका शिक्षकहरूलाई के जवाफ दिनुभयो ?

आउनुस् मत्ती १२:३९ पद पढौं ।

[39] येशूले जवाफ दिनुभयो, "दुष्ट र पापी मानिसहरूले प्रमाणकोलगि चमत्कार खोज्दैछन्। तर त्यस्ता मानिसहरूलाई प्रमाणकोलागि कुनै चमत्कार देखाइने छैन। अगमवक्ता योनाको चिन्ह बाहेक।

- येशूले के भन्नुभयो ?

- केवल दुष्ट र व्यभिचारी मानिसले मात्रै चिन्ह माग्छन् ।

- मानिसलाई केवल कुन एक मात्रै चिन्ह दिइनेछ भनेर येशूले भन्नुभयो ?

- योनाको चिन्ह ।

- योनाको चिन्ह के थियो ?

आउनुस् मत्ती १२:४० पद पढौं ।

[40] तीन दिन र तीन रात सम्म योना एउटा ठूलो माछाको पेटमा थिए। त्यसरी नै तीन दिन र तीन रात सम्म मानिसको पुत्र पृथ्वीको पेटभित्र रहनेछ।

- योनाको चिन्ह के हो ?

- जसरी योना ठूलो माछाको पेटभित्र तीन रात र तीन दिनसम्म परेका थिए त्यसरी नै येशू पनि धर्तिको पेटभित्र तीन रात र तीन दिनसम्म पर्नुहुनेथियो ।

- जसरी परमेश्वरले योनालाई ठूलो माछाको पेटभित्रबाट तीन रात र तीन दिनपछि निकाल्नुभएको थियो त्यसरी नै येशूलाई पनि उहाँले तीन रात र तीन दिनपछि धर्तिको पेटबाट निकाल्नुहुनेथियो ।

- येशूले फरिसीहरू र व्यवस्थाका शिक्षकहरूलाई योनाको चिन्ह भनेर उहाँनै उद्धारकर्ता परमेश्वर हुनुहुन्छ भनिरहनुभएको थियो ।

- त्यसपछि येशूले फरिसीहरू र व्यवस्थाका शिक्षकहरूलाई के भन्नुभयो ?

आउनुस् मत्ती १२:४१ पद पढौं ।

41 अनि न्यायको दिनमा तिनीहरू दोषी छन् भनी देखाउनका निम्ति निनवेका मानिसहरू यस पुस्ताको साथमा खड़ा हुनेछन्। किनभने योनाले तिनीहरूलाई उपदेश दिएका थिए, अनि तिनीहरूले आफ्नो जीवननै बद्लेका थिए। अनि अझ यहाँ एक मानिस छ त्यो योना अगमवक्ता भन्दा महान छ।

- योना निनवेका दुष्ट मानिसहरूकहाँ गए र मानिसहरूलाई तिनीहरूका पापको निम्ति पश्चात्ताप गर्न भने नभए परमश्वरले तिनीहरूलाई सजाय दिनुहुनेछ भने ।

- निनवेका मानिसहरूले के गरे ?

- तिनीहरूले येशूले भनेको परमेश्वरको वचन सुने र आफ्ना पापको पश्चात्ताप गरे ।

- के निनवेका मानिसहरूले परमेश्वरले अब्राहाम, इसहाक र याकूबसँग गरेको प्रतिज्ञा थाहा थियो ?
- थिएन ।

- के निनवेका मानिसहरूलाई परमेश्वरले मोसाद्वारा दिनुभएका आज्ञाहरूको बारेमा थाहा थियो ?
- थिएन ।

- यद्यपि निनवेका मानिसहरूलाई यी केही पनि कुरा थाहा थिएन तर पनि तिनीहरूले योनाले सिकाएपछि परमेश्वरको वचन मानेर पश्चात्ताप गरे ।

- अब अहिले एकजना व्यक्ति जो योनाभन्दा महान् हुनुहुन्थ्यो उहाँले सिकाइरहनुभएको थियो ।

- योनाभन्दा महान् को हुनुहुन्थ्यो ?
- येशू, उद्धारकर्ता परमेश्वर ।

- येशू योनाभन्दा कसरी महान् हुनुहुन्थ्यो ?

- योना केवल एकजना मानव थिए तर येशू पूर्ण रूपमा मानव र पूर्ण रूपमा पमरेश्वर हुनुहुन्थ्यो ।

- यद्यपि येशू उद्धारकर्ता परमेश्वर हुनुहुन्थ्यो तर योना एकजना मानव मात्रै थिए तर पनि यहूदीहरूले विश्वास गर्न इन्कार गरे ।

- यद्यपि येशूको शिक्षा योनाको भन्दा महान् थियो तर पनि यहूदीहरूले विश्वास गर्न इन्कार गरे ।

- यद्यपि येशूले धेरै अचम्मका कामहरू गर्नुभयो जुन योनाले गर्न सकेका थिएनन् तर पनि यहूदीहरूले उहाँलाई विश्वास गर्न अझै इन्कार गरे ।

- येशूले किन यहूदीहरू निनवेका बासिन्दा भन्दा अझ दुष्ट छन् भन्नुभयो ?

- किनभने निनवेका मानिसहरूले योनाले सिकाएपछि पश्चात्ताप गरे तर यहूदीहरूले उद्धारकर्ता येशूले सिकाउनु भए तापनि पश्चात्ताप गरेनन् ।

- यद्यपि येशूले यहूदीहरूलाई पश्चात्ताप गर्न सिकाउनुभयो र धेरै अचम्मका कामहरू गर्नुभयो तर पनि यहूदीहरूले उहाँमा विश्वास गर्न इन्कार गरे जो उद्धारकर्ता परमेश्वर हुनुहुन्थ्यो ।